# स्थानीय राजपत्र फेदेन

## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ फिदिम, पाँचथर भदौ ०७ गते २०७९ संख्याः३


## भाग–२

## फिदिम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

### फिदिम, पाँचथर

## फिदिम नगरपालिका

## कर्मचारी कल्याण कोष सञ्चालन निर्देशिका, २०७९

# फिदिम नगरपालिका कर्मचारी कल्याण कोष सञ्चालन निर्देशिका, २०७९

## प्रस्तावना

साबिक स्थानीय नीकायबाट स्थानीय तहमा समायोजभै कार्यरत स्थायी कर्मचारीहरु सेवा निबृतहुदा कानून बमोजिम प्राप्त गर्ने उपदान, औषधिउपचार,सन्चित घर बिदा र बिरामि बिदा लगायतका कर्मचारीहरुले प्राप्त गर्ने आर्थिक सुविधा लाई व्यवस्थित रुपमा सञ्चालनका लागि कोषको स्थापना र सञ्चालन को कानूनी व्यबस्था गर्न बाञ्छनिय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफाङ (२) को भावना अनुरुप फिदिम नगरपालिका प्रशाशकिय कार्यफछ्र्यौट ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी फिदिम नगरकार्यपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१ संक्षिप्त नाम र प्रारम्भ

(क) यो निर्देशिकाको नाम **"फिदिम नगरपालिका कर्मचारी कल्याणकोष संचालन निर्देशिका २०७९"** रहेको छ।

(ख) यो निर्देशिका तत्काल लागू हुनेछ।

२ **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिका

क). **"कोष"** भन्नाले दफा ३ बमोजिम स्थापना भएको कोष सम्झनु पर्दछ।

ख). **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ।

ग.) **"नगरपालिका"** भन्नाले फिदिम नगरपालिका लाई सम्झनु पर्दछ।

घ.) **"सभा"** भन्नाले फिदिम नगरपालिकाको नगर सभा सम्झनु पर्छ।

ङ) **"कार्यपालिका"** भन्नाले फिदिम नगरपालिकाको नगर कार्यपालिका लाई सम्झनु पर्छ।

च.) **"संचालक समिति"** भन्नाले कोष सञ्चालनको लागि गठन भएको सञ्चालक समिति सम्झनु पर्छ।

छ.) **"आर्थिक वर्ष"** भन्नाले श्रावण एक गतेबाट शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

ज.) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले फिदिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

## परिच्छेद- २

## कल्याण कोषको स्थापना सम्वन्धी व्यवस्था

**३. कल्याण कोषको व्यवस्था :**

(१) साबिक स्थानीय निकाय बाट स्थानीयतहमा समायोजनभै आएका आएक अव अवकास हुदाका बखत प्रचलित कानून बमोजिम उपलब्ध गराउने सेवा सुबिधा उपलब्धगराउन एक कर्मचारी कल्याण कोष स्थापना गरिने छ। उक्त कोषमा देहाय बमोजिमको रकम हुनेछ।

(क) संघीय र प्रदेश सरकार बाट कर्मचारी कल्याण कोषको लागि बिनियोजन भएको रकम,

(ख) कर्मचारी कल्याण कोषको लागि हालसम्म छुट्याइएको सम्पूर्ण रकम,

(ग) नगर सभा बाट कर्मचारी कल्याण कोषको लागि प्रत्येक आर्थिक वर्षमा कर्मचारीका लागि भुक्तानी गरिने एक महिनाको तलब बराबरको बिनियोजन भएको रकम,

(घ) नगर सभा वा कार्यपालिकाको निर्णयबाट कर्मचारीलाई उपलब्ध गराउने थप आर्थिक सहायता वापतको रकम,

(ङ) कोषमा औषधी उपचारको लागि नगरपालिकाले प्रत्येक वर्ष जम्मा गरेको रकम,

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा हुने रकम स्विकृत प्राप्त बैङकमा छुट्टै खाता खोलि जम्मा गरीने छ।

**४. खाता सञ्चालन :**

(क) दफा ३ बमोजिम स्थापना भएको कोषको आर्थिक कारोवार प्रमुख प्रशाशकिय अधिकृत र आर्थिक प्रशाशन शाखाका प्रमुखको संयुक्त दस्तखत बाट कोषको खाता सञ्चालन हुने छ।

(ख) कोषको लेखा प्रचलित लेखा प्रणालि बमोजिम राख्नु पर्ने छ ।

**५. कोषको प्रयोगः**

दफा ३ बमोजिम स्थापना भएको कर्मचारि कल्याण कोषको रकम कानून बमोजिम प्रदान गरिने देहायको रकम मात्र खर्च गर्न सकिने छ ।

(क) साबिक स्थानीय निकाय बाट स्थानीय तहमा समायोजभै आएका स्थायि कर्मचारीहरु अवकास हुदाका बखत निजहरुलाई भुक्तानिहुने उपादान बापतको रकम ,

(ख) साबिक स्थानीय निकाय बाट स्थानीय तहमा समायोजभै आएका स्थायि कर्मचारीहरु उपदानमा सेवा बाट अवकास हुदाका बखत निजहरुको संचित घरबिदा र बिरामि बिदा बापत भुक्तानि हुने रकम ,

(ग) साबिक स्थानीय निकाय बाट स्थानीय तहमा समायोजभै आएका स्थायि कर्मचारीहरु उपदानमा सेवा बाट अवकास हुदाका बखत निजहरुको औषधि उपचार बापतको भुक्तानि हुने रकम ( घ)साबिक स्थानीय निकाय बाट स्थानीय तहमा समायोजभै आएका स्थायि कर्मचारीहरु सेवामा वहाल रहँदै मृत्यु भएमा निजको परिवारलाई आर्थिक सहयोगको रुपमा सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरे बमोजिमको एकमुष्ट रकम,

(ड) सञ्चालक समितिको सिफारिसमा कार्यपालिका बाट भएको निर्णय बमोजिम भुक्तानिहुने रकम ।

## परिच्छेद- तीन
## सञ्चालक समितिको गठन र बैठक प्रक्रिया

**६. सञ्चालक समितिको गठन** : कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापनको लागि एक सञ्चालक समितिको गठ हुनेछ। उक्त समितिमा देहाय बमोजिम गठन हुने छ।

(क) सार्वजनिक सेवा तथा क्षमता बिकास समितिको संयोजक अध्यक्ष
(ख) प्रमुख प्रशासकीय अधिकृत -सदश्य
(ग) नगरपालिकाको प्रशासन शाखाको प्रमुख- सदस्य सचिव

**७. सञ्चालक समितिको वैठक :**

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।
(२) सञ्चालक समितिको वैठक अध्यक्षले तोकेको समयमा नगरपालिकाको कार्यालयमा बस्ने छ।
(३) वैठकको निर्णय सामान्यतया: सर्वसम्मत रुपमा गरिनेछ। यदि सर्वसम्मत रुपमा निर्णय हुन नसकेमा बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिनेछ। कुनै विषयमा बहुमतबाट निर्णय हुन नसकीमत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।
(४) समितिले वैठकमा कुनै व्यक्तिलाई विशेषज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछन्। तर, त्यस्ता विशेषज्ञलाई मतदान गर्ने अधिकार हुने छैन।
(५) सञ्चालक समितिको प्रशासनिक खर्च नगरपालिकाबाट व्यहोर्नुपर्नेछ यस कोषबाट प्रशासनिक काममा खर्च गर्न सकिने छैन।
(६)कोषको बैठक सम्बन्धि सम्पूर्ण अभिलेख तथा कागजातहरु सदश्य सचिवले राख्नु पर्ने छ।

(७) कोषको बैठक सम्बन्धि आवश्यक व्यबस्वथा समिति आफैले गर्न सक्ने छ ।

(८) कोष सञ्चालक समितिको जम्मा सदस्य संख्याको पचास प्रतिशत सदस्यको उपस्थित नभई बैठकको गणपूरक सँख्या पुगेको मानिने छैन ।

## परिच्छेद चार

## बिबिध

**८. कोषको रकम खर्च गर्न नपाउने :**

यस निर्देशिका बमोजिम स्थापना भएको कोषको रकम दफा ५ बोमोजिमको काम बाहेक अन्य प्रयोजनको लागि खर्च गर्न पाईने छैन ।

**९. समितिको लेखा र लेखापरीक्षण :**

(१) कोषको लेखा नेपाल सरकार बाट तोकिएको ढाँचामा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको लेखाको आन्तरिक र अन्तिम लेखापरिक्षण प्रचलित कानून बमोजिम गराउनु गराउनु पर्नेछ ।

(३) अन्तिम लेखापरिक्षणको प्रतिबेदन नगर सभामा पेश गर्नु पर्नेछ ।

**१०. निर्देशन दिन सक्ने :**

कोष सञ्चालन सम्बन्धी विषयमा कार्यपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको निर्देशन पालनागर्नु समितिको कर्तव्य हुनेछ ।

**११. दायित्व सर्ने :**

(१) यो निर्देशिका प्रारम्भ हुनु भन्दा अघि सृजना भएका तत्कालिन स्थानीय निकायका कर्मचारीहरुको कोषसँग सम्बन्धित दायित्व यसै निर्देशिका बमोजिमको कोषमा सर्नेछ ।

(२) यो निर्देशिका प्रारम्भ हुनु भन्दा अगाडि स्थानीय निकाय बाट समायोजन भै फिदिम नगरपालिकामा समायोजन भएका साबिकका गाउबिकास समितिहरुमा कल्याण कोषको नाममा रहेको रकम दफा ३ बमोजिम स्थापनाहुने कर्मचारि कल्याण कोषको खातामा सर्ने छ ।

**१२. बचाउ :**

यो निर्देशिका प्रारम्भ हुनु भन्दा अघि नगरपालिकाको कर्मचारी कल्याण कोषको नाममा भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजीम भए गरेको मानिनेछ ।

**१३. संशोधन र खारेजि :**

यस निर्देसिकामा आबश्यकता अनुशार संसोधन र खारेज गर्ने अधिकार कार्यपालिकालाई मात्र हुने छ ।

**आज्ञाले,**
**गणेश प्रसाद दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**